म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १३८ शुक्रबार १४ पुस २०७९ ने. सं. ११४३ पोहेलाथ्व 30 December, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

माओवादीले संसदीय दलको नेता आज चयन गर्ने

हेटौंडा, १४ पुस/नेकपा माओवादी केन्द्र बागमती प्रदेशको संसदीय दलको नेता आज शुक्रबार चयन गर्ने भएको छ । आज शुक्रबार काठमाडौंमा बिहान १० बजे बस्ने बैठकले प्रदेशको संसदीय दलको नेता चयन गर्ने भएको हो । दलका नेतामा ५ जनाले आकांक्ष देखाएका छन् । तर मुख्य दावेदारको रुपमा शालिकराम जमरकट्टेल र सरल सहयात्री पौडेल देखिएका छन् । पार्टी पोलिटब्युरो सदस्य जमकट्टेल र प्रदेश अध्यक्ष पौडेलले आ-आफ्नो दाबी छोडेका छैनन् । दलको नेता सर्वसम्मत नभएमा चुनावी प्रतिस्पर्धा हुन सक्ने बताएको छ । दलको नेता नै मुख्यमन्त्री हुने व्यवस्था भएकाले नेताहरूबीच प्रतिस्पर्धा देखिएको छ । माओवादीबाट कुल २१ सांसद छन् ।

हेटौंडाको बजेट आकार बढ्यो, ३ अर्ब ५ करोड स्वीकृत

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/हेटौंडा उपमहानगरपालिकाले चालू आर्थिक वर्ष २०७९/०८० का लागि ल्याएको बजेटको आकार ६ महिनामै बढेको छ ।

उपमहानगरले बिहीवार १२ औं नगरसभाबाट बजेट संशोधन गर्दै बजेटको आधार बढाएको हो । गत २० असारमा ११ औं नगर सभाबाट २ अर्ब ७१ करोड ७९ लाख रुपैयाँ बजेट ल्याएको उपमहानगरले हाल ३ अर्ब करोड ५ करोड पुऱ्याएको हो । संसोधित बजेट नगरसभाले सर्वसम्मत स्वीकृत गरेको उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाका वडाध्यक्ष सविन न्यौपानेले जानकारी दिए । २०७९/०८० को नीति तथा कार्यक्रम एवम् बजेट समिक्षासहितको संशोधित बजेट माग र आवश्यकताका आधारमा बजेटको आकार वृद्धि भएको प्रस्ताव गरिएको थियो ।

सरकारबाट आउने कर्मचारी, आन्तरिक करार कर्मचारीको तलब भत्ता सञ्चालन खर्च, नगर कार्यपालिकाबाट निर्णय भएका कार्यक्रम खानेपानी न्यूनतम महशुल भुक्तानी, इन्जियरिङ कलेज सञ्चालन सहित माग भइआएका थप बजेट र अन्य आवश्यक कार्यक्रमहरुका लागि आन्तरिक श्रोत व्यवस्थापन गरी संशोधित बजेट ३ अर्ब ५ करोड पुऱ्याइएको हो । १२ औं नगरसभा बैठकमा नगर सभाका उपाध्यक्ष तथा उपमहानगरका उपमेयर राजेश बानियाँले संशोधित बजेट प्रस्तुत गरेका थिए ।

उपमहानगरले चालु आर्थिक वर्षको अहिलेसम्मको अवधीमा आयतर्फ संघीय सरकार समानिकरण तथा सशर्त अनुदानतर्फ ५५ करोड ४६ लाख ६ हजार, प्रदेश सरकार समानिकरण तथा सशर्त अनुदान तर्फ ३७ करोड ५० हजार, संघीय र प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाडफाँड तर्फ ६ करोड ७ लाख ६८ हजार र आन्तरिक श्रोत कर, राजश्व श्रोत र गत वर्षको समेत गरी ८७ करोड ८७ लाख ८ हजार आम्दानी गरेको नगर सभाका उपाध्यक्ष बानियाँले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख छ ।

उपमहानगरको खर्चतर्फ कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा १७ करोड ५८ लाख ६४ हजार, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा १ करोड ८० लाख ५२ हजार, पुर्वाधार विकासतर्फ १३ करोड ६९ लाख ९२ हजार, सामाजिक विकासतर्फ ३० करोड ७४ लाख १२ हजार, आर्थिक विकासतर्फ २ करोड ४० लाख ६४ हजारसमेत गरी कुल ६६ करोड २३ लाख ८५ हजार रुपैयाँ गरेको जनाइएको छ । पछिल्लो ६ महिनाको अवधिमा अधिकाशं क्षेत्रगत आयोजना तथा कार्यक्रमहरु सम्झौता भई कार्यान्वयनको क्रममा रहेकाले खर्च मुक्तानी नभइरहेको हुँदा क्षेत्रगत खर्चमा कमी देखिएको प्रतिवेदनमा उल्लेख छ । आउँदो असार मसन्तसम्मको अवधिमा खर्च विवरणमा उल्लेख्य प्रगती हुने बताईको छ ।

४८ वटा योजना सम्पन्न

नगर सभामा प्रस्तुत प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको स्वीकृत २ सय ५८ योजना मध्ये ४८ वटा सम्पन्न भएको र २ सय १० वटा सम्झौता भई कार्यान्वयनको चरणमा रहेका छन् ।

गत आर्थिक वर्ष २०७८/०७९ मा जिम्मेवारी सरेर आएका योजना मध्य ८४ वटा सम्पन्न भएका छन् । पुर्वाधार विकास कार्यक्रमको भौतिक प्रगती तर्फ प्रथम चौमासिकमा कंक्रिट सड़क ३ किलोमिटर, कर्ल्भट ४ वटा, शैक्षिक पुर्वाधार तर्फ १, गुम्बा निर्माणमा ३, मन्दिर निर्माणमा १० र ४ वटा पार्क निर्माण सम्पन्न भएको उपमहानगरपालिका कार्यालयले जानकारी दिएको छ । सडक पुवाधार तर्फ ५६ र अन्य १८ वटा योजना सम्पन्न भई सडकतर्फ ८ किलोमिटर स्ल्याब ढलान सम्पन्न भएको हेटौंडा उपमहानगरपालिकाले जनाएको छ ।

प्रज्ञा प्रतिष्ठान विधेयक र ऐन परिमार्जन

१२ औं नगर सभाले हेटौंडा उपमहानगरपालिका जनस्वास्थ्य सेवा विधेयक-२०७९, हेटौंडा उपमहानगरपालिका प्रज्ञा प्रतिष्ठान विधेयक-२०७९ सर्वसम्मतीले पास गरेको छ ।

उपमहानगरले विगतमै बनेर कार्यान्वयनमा रहेका ऐनलाई परिमार्जन गरी पास गरेको छ । नगरसभाले हेटौंडा उपमहानगर पालिका बाल अधिकार संरक्षण नीति २०७९ समेत पास गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २२ मा भएको व्यवस्था अनुसार हेटौंडा-९ का वडा अध्यक्ष सुकराम केसीको संयोजकत्वमा विद्यायन समिति र हेटौंडा १९ का अध्यक्ष नरनाथ सुवेदीको संयोजकत्वमा लेखा समिति गठन गरेको मेयर मिनाकुमारी लामाका प्रेस सल्लाहकार राजन दाहालले जानकारी दिए ।

उपमहानगरपालिकाको प्रमुख मिनाकुमारी लामाको सभाध्यक्षतामा भएको नगरसभाको सचिव प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईको आतिथ्यता रहेको थियो । २०७९ मंसिर ४ को प्रतिनिधिसभा तथा प्रदेश सभामा निर्वाचित भएका सांसदहरुलाई हेटौंडा उपमहानगरपालिकाले स्वागत तथा सम्मान गरेको छ । १२ औं नगर सभाको सन्दर्भ परेर उपमहानगरपालिकाले पहिलो चरणमा जनप्रतिनिधिको सम्मान र दोश्रो चरणमा सभा सञ्चालन गरेको थियो । उपमहानगरपाकिलाको विकासका लागि एक्येबद्धता खोज्दै गरिएको स्वागत तथा सम्मानमा प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौला सहित बागमती प्रदेश सभामा प्रत्यक्षतर्फ निर्वाचित इन्द्रबहादुर बानियाँ, एकलाल श्रेष्ठ, प्रेमबहादुर पुलामी र समानुपातिकका भारती पाठक र लक्ष्मी कुमारी श्रेष्ठको आतिथ्यता रहेको थियो ।

उपमहानगरको स्वागत तथा सम्मानमा पुगेका उनीहरुले सुन्दर र स्वच्छ हेटौंडा निर्माणका लागि सदब सहकार्य र सहयोग रहने प्रतिबद्धता जनाएका थिए । निर्वाचित जनप्रतिनिधिहरुलाई उपमहानगरका प्रमुख मिना कुमारी लामा, उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईले खादा तथा माला लगाउँदै सम्मान र स्वागत गरेका थिए ।

दुई वडाले पुरस्कृत हुँदै जिते २० र १५ लाख

नगरसभाको अबसरमा उपमहानगरपालिकाले कार्यक्षम्पादनका आधारमा दुई उत्कृष्ट वडालाई पुरस्कृत गरेको छ । पुरस्कृत हुनेमा १४ नम्बर वडा पहिलो र १५ नम्बर वडा दोश्रो भएका छन् ।

आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत वडा स्तरीय कार्यक्रम समयमै कार्यकुशलता पूर्वक कार्यान्वयन गर्ने क्रममा १४ र १५ नम्बर वडालाई पुरस्कृत गरिएको हो । पुरस्कार स्वरुप १४ नम्बर वडाले २० लाख रुपैयाँको थप बजेटसहितका योजना र १५ नम्बर वडाले १५ लाख रुपैयाँको थप बजेटसहित योजना पाएको छ । १४ नम्बर वडाका अध्यक्ष दिपक खड्का र १५ नम्बर वडाका अध्यक्ष सुनिल मोक्तान पुरस्कृत भएका छन् । उनीहरुले वडालाई उत्कृष्ट बनाउने भूमिका खेल्ने सबैलाई धन्यवाद दिएका छन् ।

एमाले संसदीय दलको नेतामा थपलिया सर्वसम्मत

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/नेकपा एमाले बागमती प्रदेश संसदीय दलको नेतामा जगन्नाथ थपलिया सर्वसम्मत रुपमा चयन भएका छन् ।

बिहिबार प्रदेशसभास्थित नेकपा एमालेको संसदीय दलको कार्यालयमा भएको बैठकले थपलियालाई सर्वसम्मत दलको नेता चयन गरेको हो ।

थपलिया चितवनको निर्वाचन क्षेत्र नम्बर १ को १ बाट प्रदेश सभा सदस्यमा निर्वाचित भएका थिए । बागमती प्रदेश सभामा नेकपा एमालेका २७ जना सदस्य छन् । १३ जना प्रत्यक्ष निर्वाचित हुन् भने १४ जना समानुपातिक प्रणालीबाट निर्वाचित छन् ।

एमालेको केन्द्रीय सदस्य समेत रहेका थपलिया यसअघि बागमती प्रदेशको पूर्वमुख्यमन्त्री डोरमणि पौडेलका राजनीतिक सल्लाहकार थिए । केन्द्रमा एमाले नेतृत्वमा नयाँ गठबन्धन बनेसँगै बागमती प्रदेश सरकारको नेतृत्व नेकपा एमालेले पाउने सम्भावना देखिएको छ । बागमतीको नेतृत्व एमालेले पाए थपलिया नै प्रदेशको चौथो मुख्यमन्त्री बन्नेछन् । नेकपा एमालेको संसदीय दलको बैठकमा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेल, पूर्वमुख्यमन्त्री अप्टलक्ष्मी शाक्यको पनि उपस्थिति रहेको थियो ।

प्रदेशसभाको नयाँ अधिवेशन पुस १८ गते आह्वान

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/ बागमती प्रदेशसभाको नयाँ अधिवेशन पुस १८ गतेको लागि आह्वान भएको छ ।

प्रदेश प्रमुख यादवचन्द्र शर्माले प्रदेश मन्त्रिपरिषदको सिफारिसमा प्रदेशसभाको ११ औं अधिवेशन आह्वान गरेका हुन् । प्रदेशसभा बैठक पुस १८ गते सोमबार दिउँसो १ बजे बस्ने गरी आह्वान गरिएको छ ।

मंसिर ४ गते सम्पन्न निर्वाचनबाट गठित प्रदेशसभाको पहिलो बैठक सोमबारका लागि तय भएको बागमती प्रदेश प्रमुखको कार्यालयले जनाएको छ । प्रदेश प्रमुख शर्माले मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम अधिवेशनको आह्वान गरेका हुन् । बामती प्रदेश मन्त्रिपरिषद्को बैठकले १८ गते अधिवेशन आह्वान गर्न बुधबार प्रदेश प्रमुखसमक्ष सिफारिस गरेको थियो । प्रदेशसभाका सदस्यहरुले बिहीबार पद तथा गोपनियताको शपथ लिइसकेका छन् ।

व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित

व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बरः ९८४५०२७०६४/९८५५०६८०३८

बैंकविरुद्ध व्यवसायीको आन्दोलन

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/हेटौंडामा बढ्दो ब्याजदर र नेपाल राष्ट्र बैंकद्वारा जारी चालु पुंजी कर्जा निर्देशिका-२०७९ को विरोधमा व्यवसायीहरु आन्दोलित भएका छन् ।

मकवानपुर फर्निचर तथा फर्निसिङ व्यवसायी संघले बिहीबार बिहान चर्को ब्याजदर र कर्जा निर्देशिकाको विरोधमा हेटौंडामा प्रदर्शन गरेको हो । हेटौंडाको सीमा चोकबाट व्यवसायीले प्लेकार्डसहित नाराबाजी गर्दै हेटौंडा बजार परिक्रमा गरी विरोध प्रदर्शन गरेका थिए ।

व्यवसायीले बैंकहरुले आफू खुशी रुपमा ब्याजदर बढाइरहेको र आर्थिक मन्दिका कारण व्यवसाय सञ्चालनमै समस्या भइरहेको भन्दै तत्काल समस्या समाधानका लागि पहल गरिदिन समेत सरकार समक्ष माग गरेका छन् ।

खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

यात्रु महानुभावहरूलाई खुसीको खबर !

२०७९ पौष १ देखि

- हेटौंडाबाट ठिंगान हुँदै काठमाडौंसम्म दैनिक दिवा सेवा बिहान ६ बजे र ७ बजे
- कलंकी बसपार्क काठमाडौंबाट १ बजे र २ बजे दिउँसो लगनखेल ठिंगान हुँदै हेटौंडा सम्म

सम्पर्कः

९८५५०६७६५५, ९८५५०७१६२५, ९८५५०७०५६०

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरूः

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

तमु ल्होसारको शुभकामना

तमु ल्होसार गुरुङ समुदायको महान चाड हो । ल्होसार 'ल्हो' ले वर्ग अथवा वर्ष र 'सार/छार'ले नयाँ भन्ने बुझाउँछ । हरेक वर्ष पुस १५ गते यो वर्ग फेरिन्छ । नयाँ वर्षको सुरुवात हुन्छ । उनीहरूले नयाँ वर्ष र जातीय पर्वका रूपमा मनाउँछन् । 'ल्हो' अर्थात् वर्ग १२ वटा हुन्छन् । ती सबै विभिन्न पशुपंक्षीका नाममा राखिएको हुन्छ । हरेक १२ महिनापछि फेरि सुरुकै वर्ग आउँछ । यो चिनियाँ पात्रोमा आधारित हुन्छ । पुस १५ को दिन रात सबैभन्दा लामो र दिन सबैभन्दा छोटो हुन्छ र त्यसपछि दिन बिस्तारै लम्बिँदै जान्छ । र, लामो दिन हुने पहिलो दिनमा नै तमु ल्होसार मनाइने चलन छ । नेपालमा गुरुङसँगै तामाङ, शेर्पालगायत अन्य हिमाली समुदायले पनि ल्होसार पर्व मनाउँछन् । तमु ल्होसार सूर्यको किरणसंग सम्बन्धित छ ।

ल्होसार नेपालमा मात्र नभई तिब्बत, भुटान, भारत, म्यानमार लगायत संयूक्त राज्य अमेरिका, अष्ट्रेलिया, बेलायत अनि थुप्रै देशहरुमा भएका तमु समुदायले भव्यताका साथ मनाउने गर्दछन् । यसरी आजबाट फेरिने वर्ष या भनौं नयाँ वर्षको सम्वतलाई तमु सम्वत भनिन्छ । तमु पात्रोमा १२ वटा वर्ग हुन्छन् । रुच्यु-ल्हो (ढुंु बर्ग/मुसा बर्ग), ल्वोँ-ल्हो (सा बर्ग/गाई बर्ग), तो-ल्हो (धु बर्ग/बाघ बर्ग), हि-ल्हो (भौ बर्ग/बिरालो बर्ग), गिद्द मि-ल्हो) सर्प वर्ग, (सप्री-ल्हो) घोडा वर्ग (त-ल्हो), भेंडा वर्ग, (ल्हु-ल्हो) बादर वर्ग (प्र-ल्हो) चरा वर्ग (ल्हया-ल्हो), कुकुर वर्ग (खि-ल्हो), मृग वर्ग (फो-ल्हो) ।

ल्होसारको अघिल्लो दिन साँझ पूजापाठ, भोजभत्तेर, नाचगान गरी आधा रातमा 'नयाँ वर्ष आयो' भन्दै नयाँ वर्षको स्वागत गरिन्छ । यो पर्वमा विशेष कर्मकाण्ड केही हुँदैन । बिहान सबेरै उठेर नुहाइधुवाइ गरी चोखो भएर कुलदेवता (पितृपूजा) गरिन्छ । मिष्ठान्न भोजन बनाएर पितृलाई चढाइन्छ । घर सरसफाइदेखि ध्वजा (लोंदर) फेर्ने काम हुन्छ । यी कुराले पनि गुरुङको नयाँ वर्ष आएको रहेछ भन्ने देखाउँछ । ल्होसारको दिन बिहानदेखि नै ढोग-भेट, आशीष आदानप्रदान गर्दै नाता कुटुम्बलाई बोलाएर भोज खुवाएर बडो धुमधामका साथ मनाइन्छ । ल्होसारको दिन गुरुङ जातिहरू आफ्नै शैलीका भेषभुषा जस्तै शिरवन्दी, मखमली चोली, घलेक्क, पटुकी, छिट्को गुन्यु र मजेत्रो महिलाहरूले लगाएर सजिन्छन् भने पुरूषहरूले शिरमा टोपी, भोटोमाथि भांड्ग्रो लगाउँछन् र त्यसको साथमा कछाड अनि पटुकी बाँध्छन् । अन्य जातले जस्तै गुरुङ जातिहरूको पनि पर्वहरू मनाउने एउटा आफ्नै शैली छ, यी जातिहरूमा घाटु, सोरठी स्थानीय भाषामा चुड्का भनेर प्रचलित नाच कौडा नाच नाचेर अफ्ना परिवार, साथीभाईहरूसँग रमाइलो गर्दै शुभकामना आदनप्रदान गर्दछन् ।

हाम्रो देश नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषताहरुले भरिपूर्ण एक सुन्दर मुलुक हो । हाम्रो विविधता नेपालका लागि मात्र नभएर विश्व समुदायका लागि पनि एक महत्वपूर्ण पूँजी हो । भाषा, संस्कृति, भेषभूषा र संस्कार आ-आफ्नो जातीय पहिचान र मौलिक सभ्यताका आधार स्तम्भ हुन् । यस्ता विविधताको संरक्षण, प्रवर्द्धन र विकास गर्नु राज्यको दायित्व हो । सांस्कृतिक परम्पराको धनी मानिने नेपालका तमु जातिले सदियौंदेखि आफ्ना रीति, परम्परा र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्दै आइरहेका छन् । यसै सन्दर्भमा नेपालका तमु जातिमा नयाँ वर्षको आगमनको खुशियालीस्वरुप विशेष उत्साह र उमङ्गतासाथ मनाइने तमु ल्होसारले छुट्टै मौलिकता, परम्परा र सांस्कृतिक महत्व राख्दछ । यस पर्वले तमु जाति लगायत सम्पूर्ण नेपालीहरूको बीचमा बन्धुत्व, हार्दिकता, धार्मिक सहिष्णुता र सम्मान कायम गर्दै राष्ट्रिय एकता र राष्ट्रिय मौलिक संस्कृतिको निर्माणमा ऊर्जा प्रदान गर्ने अपेक्षासहित हादिक शुभकामना ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५४०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७१, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५९८४५१०५५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बजबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२४८७, ९८४५१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बाहुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७९ पुस १६ गते शनिबार ३१ डिसेम्बर २०२२ ।नवमी पौष शुक्लपक्ष । पोहेलाथ्व, ११४३ ने.सं. । सूर्योदय ६:५६, सूर्यास्त ५:१५ ।

आजको राशिफल

मेष	: कार्य सिद्धिमा विलम्ब	तुला	: व्यवसायमा विवाद
वृष	: परिवारमा कलह	वृश्चिक	: मानसिक अशान्ति
मिथुन	: यात्रामा बाधा	धनु	: कार्यमा ढिलाइ
कर्कट	: काममा सफलता हात पर्ने	मकर	: मांगलिक कार्य सम्पादन
सिंह	: अपजस पाइने	कुम्भ	: उपचारमा खर्च बढ्ने
कन्या	: बौद्धिक कार्यमा बाधा	मीन	: मानमर्यादाको वृद्धि

कम्युनिष्टको विजय कि पराजय ?

रामहरि ओझा

नेपाली राजनीतिमा बेला-बेलामा अप्रत्यासित घटना घटिरहन्छन् । खासगरी २०४६ सालको राजनीतिक परिवर्तनपछि संसदीय अभ्यासमा भएका चमत्कारहरू स्मरणीय छन् । बहुमतको सरकार हुँदाहुँदै पनि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले २०४१ साल असारमा पार्टीभित्रको कलह थेग्न नसकी संसद विघटन गरेर कात्तिकमा मध्यावधि निर्वाचन गराए । त्यसपछि एकपछि अर्को राजनीतिक चमत्कार हुँदैगयो । २०६२/६३ सालको जनआन्दोलनपछि पनि बेलाबेलामा यस्ता चमत्कारहरू हुँदैआए ।

यस्तै चमत्कार आइतबार पनि भएको छ नेपाली राजनीतिमा । दुई वर्षसम्मको गठबन्धन छिनभरमै विच्छेद भएको छ । गठबन्धन टिकाइरहनका लागि भएका हरेक प्रयासहरू नाकाम भए । एकाएक नयाँ गठबन्धन बन्यो र प्रचण्ड प्रधानमन्त्री बने । संसदीय अंकगणितका हिसाबले २०५२ साल दोहोरिएको छ । २०५१ को मध्यावधि निर्वाचनबाट कुनै पनि दलको बहुमत नआएपछि सबैभन्दा ठूलो दलको हैसियतले नेकपा एमालेले नौ महिना शासन गऱ्यो । कांग्रेसले अविश्वासको प्रस्ताव ल्याएपछि एमाले सरकार ढल्यो । त्यसपछि राप्रपा र नेपाल सद्भावना पार्टीको सहयोगमा कांग्रेस नेता शेरबहादुर देउवाको नेतृत्वमा सरकार बन्यो । यो संसदीय राजनीतिको पहिलो सत्ता साझेदारी थियो ।

उक्त सरकारको आयु पनि १७/१८ महिना मात्रै भयो । राष्ट्रिय प्रजातन्त्र पार्टीमा सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्दबीच दरार आएपछि देउवालाई दिएको समर्थन फिर्ता लिएर लोकेन्द्रबहादुर चन्द एमालेको सहयोगमा प्रधानमन्त्री बने । त्यतिबेला पनि पहिलो र दोस्रो दललाई उछिन्दै तेस्रो दलले सरकारको नेतृत्व गर्ने अवसर पाएको थियो । यस पटक फेरि उक्त इतिहास दोहोरिएको छ ।

नेपालको संविधानको धारा ८४ अनुसारको प्रतिनिधिसभा र धारा १७६ अनुसार को प्रदेश सभा मंसिर ४ गते सम्पन्न भयो । निर्वाचनको दौरानमा कतै कुटाकुट भयो, कतै सुरक्षाकर्मीले हवाई फायर गऱ्यो । १५ मतदान केन्द्रमा पुनः मतदान गर्नुपर्ने अवस्था आयो र निर्वाचनकै कारण बाजुरामा दुई युवाहरूले ज्यानै गुमाउनुपऱ्यो । यी केही घटनाहरू बाहेक निर्वाचनको समयमा धेरै धनजनको क्षति भएन, यसलाई सन्तुष्टि नै मान्नुपर्छ । निर्वाचनका क्रममा जनताले आफ्नो मत जाहेर गरेका छन् ।

यस पटक पनि जनादेशले कुनै दललाई स्पष्ट बहुमत दिएन । तालमेल गरेर चुनावमा होमिएका पाँच दलको सिट संख्या जोड्दा पनि बहुमत पुग्ने अवस्था देखिएन । त्यसैले अबको पाँच वर्ष पनि मुलुकमा राजनीतिक अस्थिरता कायमै रहने देखिएको छ । यो अस्थिरताले मुलुक मध्यावधि निर्वाचनको सामना गर्न बाध्य नहोला भन्न सकिने अवस्था पनि छैन ।

चुनावमा दल जित्छ वा कुन दल हार्छ वा कुन व्यक्ति जित्छ वा हार्छ भन्ने एउटा पाटो छ नै । निर्वाचन परिणामले आगामी पाँच वर्षका लागि विचित्रको संसदीय राजनीतिक चित्र बनाएको छ । निर्वाचन प्राविधिक विषय भएकाले पनि जित-हार स्वाभाविकै हुन्छ । त्यस्तो अप्रत्यासित नतिजा पनि होइन यो । प्रतिनिधि सभा निर्वाचनबाट ८९ सिटसहित कांग्रेस पहिलो दल बनेको छ भने ७८ सिटसहित एमाले दोस्रो । बेलाबेलामा ओलीको नाम लिएर देउवालाई तर्साउँदै आएका प्रचण्डले तिनै ओलीको सहयोग पाएर ३२ सिटको आडमा प्रधानमन्त्री पड्काएका छन् ।

परिणाम जे आयो, अंकगणितीय हिसाबले समीक्षा होला । फेरि चुनाव प्राविधिक विषय भएकाले यसमा हार्नुपर्ने जित्ने र जित्नुपर्ने हार्ने हुन्छ नै । चुनावमा दुईचार सिट तलमाथि हुने कुरा भन्दा पनि सैद्धान्तिक/वैचारिक रूपमा को हाऱ्यो वा को जित्यो भन्ने कुरा महत्वपूर्ण हुन्छ । यो निर्वाचनमा जताबाट हेरे पनि नेपालका कम्युनिष्टहरूको पराजय नै हो ।

गैरकम्युनिष्टहरूसँग मिलेर एकले अर्कोलाई समाप्त पार्ने प्रतिस्पर्धामा रहेका कम्युनिष्टहरू आफैं नराम्ररी पछारिएका छन् । भलै अनेक तिगडम गरेर आफूलाई कम्युनिष्ट दाबी गर्ने व्यक्ति नै सरकारको नेतृत्व गर्न पुगेका छन्, तर यो विजय होइन, पराजय नै हो । अहिलेको नेपाली राजनीतिमा कम्युनिष्टहरूको पराजय नै हो भन्ने निम्न आधार छन् :

चुनावी अंकगणितको पराजय

२०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा कम्युनिष्ट नामधारी दुई ठूला दल नेकपा एमाले र नेकपा माओवादी केन्द्रले चुनावी गठबन्धन गरे । भविष्यमा पार्टी एकताको तहमा पुग्ने प्रतिबद्धतासहित भएको चुनावी गठबन्धनमा कम्युनिष्टहरूले अंकगणितीय हिसाबले अभूतपूर्व सफलता हासिल गरेका थिए । प्रतिनिधिसभाका २७५ मध्ये १७४ सिटमा जित हात पाऱ्यो । यो संख्या प्रतिनिधिसभाका कुल सदस्य संख्याको ६३.२७ प्रतिशत हो ।

प्रत्यक्षतर्फ एमालेले ८० र माओवादी केन्द्रले ३६ सिट जितेको थियो । कम्युनिष्ट नामधारी अन्य दलहरू राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टीले एक/एक सिट प्राप्त गरेका थिए । समानुपातिकमा एमालेले ४१ र माओवादी केन्द्रले १७ सिट ल्याएको थियो । यो अंकगणितले कम्युनिष्ट नामधारीहरूले १७६ सिट पुऱ्याएका थिए । प्रतिनिधिसभामा मात्रै होइन प्रदेश सभामा पनि कम्युनिष्ट भन्नेहरूले अपार सफलता पाए । ७ प्रदेशमध्ये ६ प्रदेशमा कम्युनिष्टहरूकै बहुमत भयो ।

पप्लर मतका हिसाबमा पनि त्यतिबेला कम्युनिष्ट नाम जोड्ने यी चार दलको मत संख्या ४५ लाख ९५ हजार ४८९ थियो । यो संख्या कुल सदर मतको ४८ प्रतिशत हुन आउँछ । तर, यस पटक कम्युनिष्टहरू न संसदीय अंकगणितमा अगाडि छन्, न पप्लर मतमा । पपुलर मतका हिसाबले एमाले सबैभन्दा ठूलो दल त भएको छ तर गत निर्वाचन भन्दा आफ्नो मत झण्डै ६ प्रतिशतले गुमाएको छ । कम्युनिष्ट नाम जोडेर प्रत्यक्षमा एक सिटसम्म जित्नेहरू पाँच पार्टी रहेका छन् । ती सबैको समानुपातिकको मत जोड्दा ४४ लाख ४१ हजार ३८८ हुन्छ । यो कुल खसेको मत संख्याको ४२ प्रतिशत मात्रै हो । जबकि संसदमा प्रतिनिधित्व गर्ने गैरकम्युनिष्टहरूको मत ५६ लाख ८९ हजार ४७६ अर्थात् झण्डै ५४ प्रतिशत रहेको छ ।

सिट संख्याको हिसाब गर्दा पनि २७५ मध्ये कम्युनिष्टहरू १२२ मा खुम्चिएका छन् । यो संख्या कुल सदस्य संख्याको ४४.३६ प्रतिशत मात्रै हो । जबकि गैरकम्युनिष्टसँग ५५.६४ प्रतिशत सिट संख्या छ । अर्थात् कम्युनिष्टहरू संसदीय अंकगणितमा पनि पछाडि छन् । गैरकम्युनिष्टहरूको साथ नलिएसम्म सरकार बनाउन सक्ने अवस्था भएन कम्युनिष्टहरूले । जबकि गैरकम्युनिष्टहरू एकठाउँमा आएका हुन्थे भने कम्युनिष्ट नामधारी सबैलाई साइड लगाएर सजिलै सरकार गठन गर्न सक्थे ।

वैचारिक सैद्धान्तिक पराजय

यो गठबन्धन फगत सत्ता स्वार्थ हो । यो गठबन्धन न वैचारिक निकटताको उपज हो, न ओली-प्रचण्डले विगतमा गरेको गम्भीर गल्तीप्रति आत्मालोचना, न त आत्मग्लानि नै महसुस गरेका छन् । संसदीय अंकगणितले मात्रै होइन, कम्युनिष्टहरू वैचारिक रूपमा पनि कुहिएको फर्सी जस्तै भएका छन् । कमल थापाहरूको बुई चढेर एमालेले चुनाव लड्नुपर्ने वा कांग्रेसको बैसाखी बनेर माओवादी, एकीकृत समाजवादी र मसालले कतै कतै अबिर जात्रा गर्नुपर्ने अवस्था आइलाग्यो । कम्युनिष्टहरू एकले अर्कोलाई पराजित गर्न सकेकोमा खुसी मनाउन व्यस्त रहे केही दिन । तर, यिनीहरूको अकर्मण्यताका कारण सिंगो कम्युनिष्ट आन्दोलन पराजित भएको छ ।

सिट संख्या बढी देखाउनकै लागि भए पनि केपी शर्मा ओलीले सूर्य चिन्ह लिलामीमा राख्दै हिंड्नु पऱ्यो । पार्टीभित्रकालाई अविश्वास गरेर अरूलाई हारगुहार गर्नुपर्ने अवस्था आयो । प्रचण्ड-माधव नेपालहरूले दुई/चार सिटका लागि देउवाका अगाडि झोली थाप्नुपर्ने अवस्था आयो । विचार-सिद्धान्त, कम्युनिष्ट आचरण, नैतिकता सबै त्यागेर निर्लज्ज हुँदै एक अर्काप्रति आरोप प्रत्यारोपमै निर्वाचनको करिब एक महिने अवधि सकियो । परिणाम सार्वजनिक भएपछि पनि एकले अर्कोलाई देखाइदिएको भन्दै क्लिर्क हेका छन् । योभन्दा ठूलो वैचारिक पराजय के नै होला र एक सिद्धान्तनिष्ट कम्युनिष्ट कार्यकर्ताहरूका लागि !

दुई कम्युनिष्ट समूह मिलेर विशाल कम्युनिष्ट पार्टी निर्माण हुँदा कम्युनिष्ट कार्यकर्ताहरूलाई जति खुशी मिलेको थियो, त्योभन्दा कैयौं गुणा बढी आम जनतामा आशा जागेको थियो । वर्षौंदेखि 'समाजवाद', 'सर्वहारा-श्रमजीवी वर्गको उत्थान' को नारा लगाउने कम्युनिष्टहरूलाई पाँच वर्षअघि जनताले उत्साहित हुँदै मतदान गरेका पनि हुन् । जनताको त्यो भरोसा र कार्यकर्ताहरूको त्यो खुसी तीन वर्षसम्म पनि टिकाउन सकेन नेतृत्वले । परिणाम: कसैले आफ्नो चुनाव चिफन नै लिलाम गर्नुपर्ने भयो भने कसैले अर्कोको आडमा जुकाझैं टाँसिइराख्नुपर्ने भयो ।

अस्तित्वको पराजय

यो अवस्था आउनुमा मुख्य दोषी एमाले अध्यक्ष केपी शर्मा ओली नै हुन्, यसमा कसैको विमति रहँदैन । उनी जितुन् वा हारुन्, उनको पार्टी जितोस् वा हारोस्, तर नेपालको कम्युनिष्ट आन्दोलनलाई पराजित दिशातिर लैजाने मुख्य खलनायक उनै हुन् । पार्टीलाई उनले निरंकुश शैलीमा चलाउन खोजे, स्टालिन शैलीमा व्यक्ति पूजामा रमाउन खोजे, आलोचना गर्नेमाथि जाइलाग्ने 'अरिङ्गाल' तयार गर्न लागे । व्यक्ति पार्टीको मातहत हुन्छ र अल्पमत बहुमतको मातहत हुन्छ भन्ने लेनिनवादी संगठनात्मक सिद्धान्तको धज्जी उडाउँदै आफूलाई निरंकुश बनाउँदै गए । उनका वरिपरि घुम्नेहरूले उनलाई एकलकाँटे हुनमा थप मलजल गर्दै गए ।

अन्ततः अवस्था यस्तो आयो, संविधान विपरीत हो भन्ने जान्दाजान्दै पनि उनी प्रतिनिधिसभा दुई/दुई पटक विघटन गर्न पुगे । यसको अर्थ ओलीले तीनवर्षे कार्यकालमा जे जे गरे, त्यो सबै गलत थियो भन्ने कदापि होइन । उनले त्यो अवधिमा जनतामा आश जगाएका थिए, सपना देख्न सिकाएका थिए । लामो समयदेखि विवादमा रहेको नेपाली भूमि समेटेर नयाँ नक्सा जारी गर्ने साहस गरेका थिए, त्यसका लागि राष्ट्रिय सहमति जुटाउन सफल पनि भएका थिए ।

तर, यी सबै कामहरू भन्दा महत्वपूर्ण कुरा जनताका दैनान्दिनका समस्यामा उनको ध्यान पुगेन । पार्टीप्रतिको उत्तरदायित्वबोध गर्न पनि सकेनन् । ओलीको दोष देखाउने बित्तिकै केही भक्तहरूलाई औडाह हुन्छ, तर सत्य यही हो । आज पार्टीको सिद्धान्त, विचार, कार्यक्रम, नाराको कसैले व्याख्या गर्दैन, कसैले प्रशंसा गर्दैन, सिद्धान्त विचार देखाएर भोट माग्दैनन् । 'बा' कै प्रशंसा हुन्छ, उनकै चर्चा हुन्छ, उनैलाई देखाएर भोट माग्छन्, बस् । ओली मात्रै यो नाटकका खलनायक होइनन् । प्रचण्ड पनि उत्तिकै दोषी हुन् । प्रचण्डको दोष देखाउने बित्तिकै वा माधव नेपालको विरोध गर्ने बित्तिकै पनि केही व्यक्तिहरूलाई खपिनसक्नु हुन्छ, तर सत्य यही हो ।

ओलीलाई पार्टी पद्धतिभन्दा माथि राख्नमा कमरेड प्रचण्डहरूको निकै ठूलो हात छ । सुरुदेखि नै 'दुई अध्यक्षको निर्णय पार्टी निर्णय' को अभ्यास नभएको भए, पार्टी एक भइसक्दा पनि भागबण्डाको व्यापार नगरेर सही व्यक्तिलाई सही जिम्मेवारी दिने अभ्यास गरेको भए, पार्टीभित्र निर्मम समीक्षा गर्ने र आलोचना/आत्मालोचनाको अभ्यास गर्ने गरेको भए यो दिन सायद आउने थिएन । छोरी, ज्वाई, सम्धी, भतिजा, सालासालीलाई 'लाभको पद' मा पुऱ्याउनमा ओली भन्दा बढी प्रचण्ड नै खेलाडी देखिए । माधव नेपालले ओलीसँग 'बदला' लिनका लागि प्रचण्डलाई उक्साइरहे । यो उक्साहटमा पार्टी पद्धति पूर्ण रूपमा ध्वस्त भयो ।

निर्वाचनले ओली, प्रचण्ड र माधव नेपाल तीनै जनाको अस्तित्वको पराजय गरि दिएको छ । जसरी आज प्रचण्डको सत्तारोहणका लागि ओली-प्रचण्ड छिनभरमै एकठाउँमा आए, त्यसरी वैचारिक सैद्धान्तिक बहसका लागि हिजो एकठाउँमा आएका भए वा एकले अर्काप्रति निकृष्ट एवं गैररागनीतिक लाञ्छनाहरू लगाउनुको सट्टा वैचारिक अन्तरसंघर्ष चलाएको भए सायद यी तिनै जनाको अस्तित्व जोगिन सक्थो । त्यसकारण कम्युनिष्टहरू पराजय भएकै हुन् ।

बहिष्कृतको एकत्वको पवित्रता

करिब दुई वर्षअघि प्रचण्ड/नेपालले बालकोटसँगको सम्बन्धविच्छेद गरिसकेपछि बुढानीलकण्ठसँग घाँटी जोडे । त्यतिबेला यो गठबन्धन युगौंसम्म चल्ने घोषणा भयो । नढाँटिर भन्ने हो भने त्यो बाम लोकतान्त्रिक गठबन्धनमा प्रचण्ड, नेपालहरूभन्दा कांग्रेस नै इमानदार थियो । सरकार र अन्य लाभका पदहरूमा जिम्मेवारी दिने सवालमा होस् वा स्थानीय तहको निर्वाचनमा होस् वा फेरि भर्खरै सम्पन्न प्रतिनिधि तथा प्रदेश सभाको निर्वाचनमा होस्, कांग्रेस नै इमानदार देखियो । चुनावमा जुन कांग्रेसका कारण दुई/चार सिट जिते कमरेडहरूले, त्यही कांग्रेससँग सम्बन्धविच्छेद गर्न मिनेट पनि सोचनन् प्रचण्डले ।

दुई वर्षअघि प्रतिगमनकारी, निरंकुश, अहंकारवादी भन्दै छोडेका ओलीकै शरण पाएर प्रचण्ड कमरेड सिंहासनमा पुगेका छन् । ओलीले पनि प्रचण्डलाई बालकोटमा सुनपानी छर्केर पवित्र बनाई त्यही बार्दलीमा उभ्याए, जुन बार्दली प्रचण्ड-माधवको दम्बी भाषामा आउँथ्यो ।

तर, यो नयाँ सम्बन्ध पनि पवित्र भने पक्कै होइन, यो स्वार्थ सम्बन्ध मात्रै हो, व्यक्तिगत स्वार्थ सम्बन्ध । ओलीले प्रचण्डलाई आफ्नो सहयोग विना प्रधानमन्त्री बन्नै सक्दैनन् भन्ने सन्देश दिनु थियो र त्यसका लागि जसरी पनि देउवा नेतृत्वको गठबन्धन भत्काउनु थियो । उनको अहंकारले यो साँठगाँठ सम्भव भयो । प्रचण्डले जसरी पनि प्रधानमन्त्री बन्नु थियो, त्यसका लागि उनी जतिसुकै निकृष्ट कार्य गर्न पनि तयार थिए ।

त्यसैले, यो गठबन्धन फगत सत्ता स्वार्थ हो । यो गठबन्धन न वैचारिक निकटताको उपज हो, न ओली-प्रचण्डले विगतमा गरेको गम्भीर गल्तीप्रति आत्मालोचना, न त आत्मग्लानि नै महसुस गरेका छन् । हिजो प्रचण्डले ओलीसँग बदला लिन माधव नेपालको बलि दिए र देउवालाई सिंहासनमा पुऱ्याए, आज देउवासँग बदला लिन ओलीलाई ललिपप देखाए र आफू सिंहासनमा पुगे, बस् ! यसरी बनेको यो गठबन्धनलाई कसरी पवित्र मान्न सकिएला र ?

(साभार: अनलाइनखबर)

अत्यधिक सत्तालिप्साले निम्त्याएको संकट

श्रीमननारायण

नेपाली कांग्रेसले आफूलाई सधैं सत्ताको स्वाभाविक हकदार ठानेर नै अहिलेसम्म राजनीति गर्दै आएको छ । अहिले पनि उसको मानसपटलमा यही प्रवृत्ति कायम छ । सम्भव भएसम्म सरकारको नेतृत्व आफू मात्रै गर्न पाउने लोभका कारण नेपाली कांग्रेस आज प्रतिपक्षमा बस्न बाध्य भएको छ । नेपाली कांग्रेसको हठ एवम् अहंकारका कारण देशमा गैरकांग्रेसी सरकार अस्तित्वमा आएको छ । चुनावताका अस्तित्वमा रहेको गठबन्धनलाई उसले चाहेको भए जोगाउन सक्थ्यो । तर अब नेपाली कँग्रेसले केही समय प्रतिपक्षमा बस्नुको विकल्प छैन ।

राजनीति सम्भावनाको खेल हो र यसमा असम्भव भन्ने केही पनि हुँदैन । नेकपा माओवादी केन्द्र र नेकपा एमालेबीच गठबन्धन हुन सक्छ भन्ने अनुमान नेपाली कँग्रेसले गरेको थिएन । पाँचदलीय गठबन्धन बनाएर चुनावमा जाँदा पनि आवश्यक बहुमत नजुटेपछि नेपाली कांग्रेस सतर्क हुनु पर्थ्यो । सरकार बनाउन आवश्यक १३८ को संख्या जुटाउन उसलाई ४९ संसदको समर्थन चाहिएको थियो ।

कँग्रेसले चुनावी गठबन्धनका पाँचवटै दलका संसदहरुको संख्या १३६ लाई आफ्नो मूलधन ठानिरहेको थियो । जबकि यथार्थमा उसले आफ्नै पार्टीको ८९ जना सांसदको समर्थनलाई मात्रै आफ्नो ठान्नु पर्थ्यो । नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई यसमा एकनै दोषी ठान्न मिल्दैन । किनभने डेढ वर्ष अघि उनले शेरबहादुर देउवालाई प्रधानमन्त्री बन्नमा सहयोग गरेका थिए । नेकपा एमालेका अध्यक्ष र तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसित बदला लिने चाहनामा नेपाली कांग्रेसलाई समर्थन गर्नु त्यतिवेला प्रचण्डको बाध्यता र आवश्यकता अवश्य पनि थियो । चुनावको परिणाम सत्ताधारी गठबन्धनका लागि नराम्रो आएको थिएन तर चुनावपश्चात् सत्ताधारी गठबन्धनमा तालमेल देखिएन । निर्वाचनको परिणाम मिश्रित थियो । विभिन्न समीकरणका सरकारहरू अस्तित्वमा आउन सक्ने सम्भावना दिउँसोको घामजस्तै छर्लङ्ग थियो ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रचण्डलाई कुनै पनि सर्तमा प्रधानमन्त्री बन्न नदिने उद्घोष गर्नु नै एमाले-माओवादी गठबन्धन सरकारको सम्भावनालाई रेखाङ्कित गरिरहेको थियो । राजनीतिमा जे कुरा भनिन्छ, त्यो अवश्य नै हुँदैन । गैरकांग्रेसी सरकारको गठनको अभ्यास त नेपथ्यमा भई नै रहेको थियो । जतिबेला नेपाली कांग्रेसका नेताहरू संसदीय दलको नेता छान्नका लागि परिश्रम गरिरहेका थिए, त्यतिबेलै गैरकांग्रेसी सरकार गठनको ढाँचा तयार भइरहेको थियो । २०७४ सालको निर्वाचनताका पनि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा माओवादी सम्मिलित साझा सरकार अस्तित्वमा थियो । नेकपा माओवादी द्वन्द्वले भने नेपाली काँग्रेससित नै मिलेर चुनावमा जान खोजेको थियो । तर, नेपाली कांग्रेसका केही नेताहरुको गलत सल्लाहमा परी सभापति देउवाले माओवादीलाई चुनावमा सम्मानजनक सिट दिन नमानेपछि त्यो गठबन्धन टुटेको थियो र अवसरको प्रतीक्षामा बसेको एमालेसित माओवादीले गठबन्धन गर्न पुग्यो । आखिर त्यही वामगठबन्धनको हुरी बतासका कारण नेपाली कांग्रेसले ऐतिहासिक पराजय भोग्नु परेको थियो । यसपटक पनि देउवाका तिनै सल्लाहकार हरूले माओवादीलाई गठबन्धनबाट बाहिरिन बाध्य पारेका हुन्, जो त्यति बेला पनि चुनावमा गठबन्धन हुन दिएका थिएनन् । देउवाका केही सल्लाहकारहरूले महत्वपूर्ण क्षणमा उनलाई सही सुझाव दिन सकिरहेका छैनन् अथवा माओवादी केन्द्रका अध्यक्षको मनोभावलाई बुझ्न सकिरहेका छैनन् ।

नेपाली कांग्रेसले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई प्रधानमन्त्रीको रुपमा समर्थन गरेको भए उसले राष्ट्रपति, प्रतिनिधि सभाको सभामुख, संघीय र प्रादेशिक मन्त्रिपरिषदमा अधिकांश मन्त्रालयसहित कम्तीमा पनि चार-पाँच प्रदेशको नेतृत्व लिन सक्थ्यो । तर सबैथोक हात पार्ने लोभमा उसले धेरैथोक गुमाउन पुग्यो । अब नेपाली कांग्रेसको हातमा शून्य मात्रै आएको छ । उसले कम्तीमा पनि दुई वर्षसम्म सत्ताभन्दा बाहिर बस्ने धैर्य गर्न सक्नुपर्दछ ।

नवगठित सरकारमा सामेल राजनीतिक दहरुको चरित्र, अवस्था, इतिहास, विश्वसनियता, राजनीतिक चिन्तनलाई हेर्दा यो सरकार लामो समय टिक्न सक्ने देखिँदैन । सबैभन्दा ठूलो दल कांग्रेस पार्टी प्रतिपक्षमा रहनेछ । ३२ जना सांसद रहेको पार्टीलाई १०६ जना सांसदको समर्थन बाहिरबाट चाहिएको छ । यस्तो अवस्थामा प्रचण्ड नेतृत्वको नयाँ सरकारले प्रत्येक पाइलामा सम्झौता गर्नुपर्नेछ । राप्रपा र राष्ट्रिय स्वतन्त्र पार्टीको बेग्लै चिन्तन, सिके राउतको बेग्लै अडान, रेसम चौधरी रिहाइ र मुइ फिर्ता अनि जसपाका शर्तहरुका अतिरिक्त नेकपा एमालेको अत्याधिक दवाबलाई थेग्न वर्तमान प्रधानमन्त्री प्रचण्डलाई सहज हुने छैन ।

नेपाली कांग्रेस, नेकपा एकीकृत समाजवादी र लोसपा जस्ता दलका अनुभवी, योग्य र परिपक्व सांसदहरु प्रतिपक्षमा भएपछि सरकारलाई संसदमा पनि कडा विरोधको सामना गर्नुपर्नेछ । हाम्रो देशमा सत्तालाई उपभोगको साधन मान्ने काम मात्रै भएको छ । भद्र सहमतिको नाममा सत्ताको भागवण्डा नै एकमात्र साझा लक्ष्य साधित हुँदै आएको छ । शायद त्यही भएर दलहरू यस अन्तिम लक्ष्यको प्राप्तिका लागि सिद्धान्त र विचारलाई तिलान्जली दिई थरी थरीका गठबन्धनको सरकार बनाउन प्रयत्नशील रहन्छन् । देशका ठूला, पुराना र स्थापित राजनीतिक दलहरुलाई तथानाम गाली गरेर आफूलाई फरक छविका दावी गर्नेहरु झन् बढी अवसर वादी र सत्तालोलुप साबित भएका छन् । पहिलो पटक निर्वाचनमा भाग लिएका दलहरुले आफूलाई सत्ताभन्दा बाहिर राख्ने साहस गर्न सक्नु पर्थ्यो, त्याग देखाउनु पर्दथ्यो र जनताका जल्दाबल्दा

कम्युनिस्टले दोस्रो पुस्ताका नेता खटाउँदा कांग्रेसले किन बाहिर राख्यो ?

काठमाडौं/एमाले अध्यक्ष केपी ओली पछिल्ला साताहरुमा भन्दै थिए, 'सरकार जोसुकैले बनाओस्, म किनारामा बसेर हेरिरहेको छु ।' यो त सबै उनको भन्ने कुरा न थियो । यथार्थमा उनी दोस्रो पुस्ताका नेतालाई पालैपालो प्रचण्डसँग संवादमा पठाइरहेका थिए ।

उसैगरी माओवादी केन्द्रले पनि एमालेसँग दोस्रो पुस्ताका नेतामार्फत् संवाद बढाइरहेको थियो । कथं कांग्रेसले आफूहरुलाई 'धोका दिएमा' खेल्ने वैकल्पिक कार्ड तयार राखेर बसेका थिए अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड ।

सत्ता समीकरण नयाँ बनाउन नेकपा एमाले र माओवादी केन्द्रका दोस्रो पुस्ताका नेताहरु सक्रिय हुँदा प्रमुख दल नेपाली कांग्रेसले आफ्नो दोस्रो पुस्ताको प्रयोग गर्नेबारे चासो नै देखाएन । माओवादीसँगको सत्ता सहयात्रा बाहेकका विकल्पमा रणनीति बनाउन नसक्दा कांग्रेस शासन सत्ताको निकट रहेर पनि बाहिरिनु परेको छ ।

एमाले र माओवादीले सत्ता समीकरणका लागि फरक फरक दलसँग समानान्तर संवाद गरि रहेका थिए । दोस्रो विकल्पका लागि माओवादीले पहल गरिरहँदा सत्ता गठबन्धनको मूल दल कांग्रेसले उसको रणनीति बुझ्न सकेन । पूर्व प्रधानमन्त्री रहेका कांग्रेस सभापति शेरबहादुर देउवासँग निरन्तर संवादमा प्रचण्ड स्वयं थिए । साथै, कांग्रेसतिर संवादमा उप महासचिवद्वय जनार्दन शर्मा र शक्ति बस्नेतलाई खटाएका थिए ।

नयाँ सरकारको नेतृत्व पहिलोपटक आफूले गर्न पाउनुपर्ने अड्डान प्रचण्डले लगातार देउवासँग राखिरहेका थिए । कांग्रेसले सत्ताको नेतृत्व नदिए विकल्पमा उनी स्पष्ट थिए । कांग्रेसले प्रधानमन्त्रीमा समर्थन नगरेमा एमालेतिरको ढोका खुला प्रचण्डले खुला राखेका थिए । एमालेले उनलाई समर्थन गर्ने वातावरण भित्रभित्रै तयार गरिसकेका थिए ।

प्रचण्डले 'प्लान बी' का लागि वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, महासचिव देव गुरुङ, उप महासचिव वर्षमान पुनलाई सक्रिय बनाएका थिए । श्रेष्ठ, गुरुङ र पुन एमालेसँग निरन्तर संवादमा रहेकै कारण प्रचण्डको सत्तारोहण सहज भएको हो ।

चीनबाट स्वास्थ्य उपचार गरि फर्केपछि पुनको सक्रियता हवात्तै बढेको थियो । पुनको सक्रियताबाट

प्रभावित भएर पनि हुनसक्छ, नयाँ सत्ता समीकरण बन्ने क्रममा एमाले अध्यक्ष केपी ओलीले आफ्नो निवास बालकोटमा पुनलाई भनेका थिए, 'तपाईं उपचार गरेर फर्कनुभयो । चिज अघि बढ्यो ।'

त्यसो त, निर्वाचनको अन्तिम परिणाम आइसकेपछि वरिष्ठ उपाध्यक्ष श्रेष्ठले एमाले अध्यक्ष ओलीसँग संवाद चालनी गरिसकेका थिए । पुस १० अघि सत्ता बाहिर रहेको अर्को दल एमालेका अध्यक्ष ओलीले पनि कांग्रेस र माओवादीसँग समानान्तर रुपमा संवाद अघि बढाइरहेका थिए । फरक फरक विकल्पमा संवाद गर्नकै लागि ओलीले दोस्रो तहका नेताहरुलाई खटाए । देउवासँग आफैले संवाद गरे ।

उपाध्यक्षद्वय विष्णु पौडेल र सुबास नेम्बाङ माओवादीसँग छलफल लगे । नयाँ सत्ता समीकरणका लागि महासचिव शंकर पोखरेलले पछिल्लो समय सक्रियता थप बढाए । एमाले र माओवादीको सत्ता समीकरणको वातावरण बनाउन पोखरेलले र लुम्बिनीका मुख्यमन्त्री कुलप्रसाद केसीसँग पटक पटक भेटेका पनि थिए ।

एमाले र माओवादीसँग 'यो नभए त्यो' भन्ने विकल्प थियो । कांग्रेस विकल्पविहीन देखिँदा सत्ताबाट हात धुनुपर्‍यो । सत्ताबाट टाढा रहेको एमाले सत्तामा पुग्यो । संख्यामा पहिलो दल रहे पनि रणनीतिमा कांग्रेस चुक्यो ।

कांग्रेसलाई सत्ता बाहिर पुऱ्याउन एमाले र माओवादी केन्द्रका दोस्रो तहका नेताहरुले आधार तयार पारे । त्यसको ठिक विपरीत नजिक आइसकेको सत्तालाई टाढा पुऱ्याउने कार्य कांग्रेसकै दोस्रो तहका नेताहरुबाट भयो ।

सबै गुमेपछि कांग्रेसका नेताहरु आरोप प्रत्यारोपमा उत्रेका छन् । एउटा पक्षले सत्ता गुम्नुको सम्पूर्ण परिणामको दोषी सभापति देउवालाई देख्छ । अर्को पक्ष, पार्टी निर्णय अनुसार सभापति अड्डान लिएका कारणले माओवादीले धोका दिएको दलिल पेश गर्दछ ।

संस्थापन समूहका केही तथा इतर पक्षमा नेताहरु सभापति देउवा सिमित व्यक्तिको विश्वासमा पर्दा क्षति मात्रै भएको बताउँछन् । ती व्यक्तिहरुले माओवादी केन्द्र एमालेतिर गयो भने कांग्रेसको 'प्लान बी' के हुने भन्नेमा देउवालाई सुझाव दिन समेत सकेनन् ।

पार्टी प्रवक्ता डा. प्रकाश शरण महत, केन्द्रीय सदस्य ज्ञानेन्द्रबहादुर कार्की र देउवा पत्नी आरजू राणाले सभापतिलाई गुमराहमा राखेको नेताहरु आरोप लगाउँछन् । 'तीन जनाको टीमले सभापतिलाई प्लान ए, प्लान बी, प्लान सी भन्न सकेनन्,' कांग्रेसका एक नेता भन्छन्, 'जे कुरा गर्दा देउवा खुसी हुन्छन् त्यही कुरा गरे । देउवालाई नयाँ अवस्था बुझाउन सकेनन् ।'

माओवादी केन्द्र एमालेतिर नजिकिए पनि कांग्रेसको अर्को विकल्प अन्य दललाई साथ लिएर सरकार बनाउने बाटो थियो । तर, त्यसका लागि कांग्रेसले अन्य शक्तिसँग छलफल अघि बढाएकै थिएन । दोस्रो विकल्पका बारेमा देउवा र उनका विश्वासपात्रले सोच्न समेत पनि सकेनन् ।

संस्थापन पक्षका नेता रामहरि खतिवडा एमाले र माओवादी बाहेकका शक्तिसँग संवाद नगर्नु कमजोरी भएको स्वीकार्छन् । भन्छन्, 'राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा सहित अरु दलसँग हाम्रो संवाद भएको भए अर्को बाटो खुला हुने थियो ।' अध्यादेश ल्याएर बदनाम हुने कांग्रेस तर त्यसबाट लाभ लिने अरु भएकोप्रति पार्टीभित्र असन्तुष्टि छ ।

दोस्रो तहका नेता अघि बढाउँदा कांग्रेस सत्तामा पुगेको केही वर्ष अघिको इतिहास पनि छ । २०७२ असोज २४ मा प्रधानमन्त्रीमा केपी शर्मा ओलीको पहिलोपटक सत्तारोहण भएको थियो । तर सरकार बनाउनु अघि भएको सहमति ओलीले कार्यान्वयन नगरेको भन्दै २०७३ असार २८ मा माओवादीले समर्थन फिर्ता लियो ।

प्रचण्डले नै ३० असारमा ओली विरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराए । संसदबाट विश्वासको मत प्राप्त गर्ने अवस्था नभएपछि ओलीले राजीनामा दिए । साउनको १९ मा प्रचण्ड कांग्रेसको समर्थनमा प्रधानमन्त्री बने । एमालेलाई सत्ता बाहिर पुऱ्याएर कांग्रेस-माओवादीको सरकार बनाउन महत्वपूर्ण भूमिका नेता विमलेन्द्र निधिले निभाएका थिए ।

उनको सक्रियताले नयाँ समीकरण बनेकाले पुरस्कार स्वरुप गृह मन्त्रीको पद प्राप्त भएको तत्कालीन समयमा चर्चा हुने गरेको थियो । निधिले आफ्नो सरकार ढलाउन भूमिका खेलेकै कारणले २०७४ सालमा उनीविरुद्ध राजेन्द्र महतोलाई धनुषा-३ मा ओलीले ल्याएको चर्चा थियो ।

तत्कालीन समयमा निधिलाई अघि सारेका सभापति देउवाले पछिल्लो पटक सत्ता समीकरणका छलफलमा स्थान दिएनन् । निर्णायक छलफलमा निधिलाई सहभागी नगराएका देउवाले जनमत पार्टीका अध्यक्ष सिके राउतसँग संवादका लागि भने पठाएका थिए । माओवादी र एमाले सहितको नयाँ सरकार बन्ने प्रक्रियाले अन्तिम रुप पाउँदै थियो । ९ पुसको राति बालकोटमा ओलीलाई भेट्न निधि गए पनि त्यस छलफलले कांग्रेसका लागि सकरात्मक परिणाम दिन सकेन ।

दोस्रो वा तेस्रो उमेर समूहका नेताहरुलाई फरक फरक पक्षसँग संवादमा नलगाएकै परिणाम कांग्रेस भोगेको नेताहरु व्याख्या गर्छन् । 'अरु नेताहरु बालुवाटार आए बिग्रन्छ जस्तो गरेर बोलाएनन्,' संस्थापनइतरका नेता भन्छन्, 'क्रेडिट अरुलाई जान्छ सोचेर बोलाउन नै चाहेनन् । उनीहरुले सबै बिगारेपछि अरु पदाधिकारी किन नगएका भनि प्रश्न गर्न कसरी मिल्छ ?'

कांग्रेसका उम्मेदवारलाई संघ र प्रदेशको टिकट बालुवाटार बाट नै वितरण गरिएको थियो । आफू पक्षीयलाई टिकट दिलाउन चासो राखेर बैठकमा त्यस बेला जाने तर अहिले बोलाएनन् भनि नजानुमा तर्क नहुने संस्थापन पक्षका नेता बताउँछन् । 'अरु अरु गएर बालुवाटारमा सुझाव दिइरहेका थिए भने उहाँहरु (महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा) पनि गएको भए हुन्थ्यो नि त', सहमहामन्त्री महेन्द्र यादव भन्छन्, 'अरु बेला सभापतिकहाँ गएर सुझाव दिने महामन्त्रीहरु यस्तो बेला पोखरा जान मिल्थ्यो ? अरु पदाधिकारीलाई पनि बालुवाटार लिएर गएर सभापतिलाई बुझाउन सक्नुपर्थ्यो ।'

पार्टी बैठकले गरेको निर्णय अनुसार नै सभापतिले अड्डान राख्दा कांग्रेस सत्ता बाहिर पुग्न परेको यादवले बताए । सभापति विकसित घटनाको भागिदार नरहेको उनी दाबी गर्छन् । आफ्नै नेतृत्वमा सरकार बनाउने कार्यसम्पादन समितिको निर्णय अनुसार सभापतिले पहलकदमी लिएको संस्थापन पक्षको जिकिर छ । पुस ३ मा कार्यसम्पादन समितिको बैठकले आफ्नै नेतृत्वमा सरकार बनाउन संवाद गर्ने निर्णय गरेको थियो ।

तत्कालीन समयमा प्रधानमन्त्री रहेका देउवाले आमन्त्रण नगरि बालुवाटार जान नमिल्ने तर संस्थापनइतरको छ । पार्टी कार्यालय भए आमन्त्रण नगरि पनि जान मिल्ने तर प्रधानमन्त्री निवासमा नमिल्ने नेता अर्जुननरसिंह केसी बताउँछन् । 'बोलाउँदै नबोलाएको ठाउँमा कसरी जान मिल्छ ? बालुवाटार पार्टी कार्यालय हो र ? पार्टी कार्यालय भए जान हुने थियो । प्रधानमन्त्री निवासमा बोलाउँदै नबोलाई कसरी जाने ?' केसीले प्रश्न गरे ।

(स्रोत: अनलाइखबर)

लायन्स क्लबद्वारा न्यानो कपडा र शैक्षिक सामग्री वितरण

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/लायन्स क्लब अफ मकवानपुरले एक सामुदायिक विद्यालयका विद्यार्थीलाई न्यानो कपडा र शैक्षिक सामग्री वितरण गरेको छ ।

क्लकले बिहिबार हेटौंडा-१ घ्यानसिङटारमा रहेको सरस्वती प्राथमिक विद्यालयका ५० विद्यार्थीलाई न्यानो कपडा र स्टेशनरी सामग्री वितरण गरेको हो । क्लबका अध्यक्ष अमित शर्मा नेतृत्व टोली विद्यालयमै पुगेर विद्यार्थीलाई स्वीटर, टोपी जस्ता न्यानो कपडा र शैक्षिक र खेलकुद सामग्री र विद्यालयलाई ८ वटा प्लास्टिकका कुर्सी सहयोग गरेको छ ।

सहयोग गरेको सामग्री विद्यालय व्यवस्थापन समिति अध्यक्ष लवाङ लामा र प्रधानाध्यापक र शिक्षकको उपस्थितीमा हस्तान्तरण

गरिएको हो ।

कार्यक्रममा लायन्स क्लब अफ मकवानपुरका एरिया चिफ विकेशलाल श्रेष्ठ र क्लबका पदाधिकारीहरुको सहभागिता रहेको थिए। चिसो मौसमका कारण विद्यार्थीलाई विद्यालय आउन समस्या परेकोले, विद्यालय व्यवस्थापन समिति अध्यक्ष लवाङ लामाको समन्वयमा न्यानो कपडा र शैक्षिक सामग्री वितरण गरेको क्लबका अध्यक्ष शर्माको भनाई छ ।

सत्ता उलटफेरले भुवन केसीलाई पार्न सक्छ सकस

काठमाडौं/राजनीतिक दलको कार्यकर्तालाई जागिर दिने संस्था भनिएको, चलचित्र विकास बोर्ड । कुनै पार्टी सरकारमा गयो भने त्यस पार्टीमा आबद्ध फिल्मकर्मीलाई बोर्ड अध्यक्ष वा सदस्य टिका लगाएर दिने चलन छ । तालुकवाला निकाय सूचना तथा सञ्चार मन्त्रालयले बोर्ड अध्यक्षका लागि आवेदन खुल्ला त गर्छ तर त्यो सिर्फ देखाउनलाई । अन्तिममा पार्टीलाई गुन लगाएका मात्रै बोर्डमा पुग्छन् ।

यतिबेला बोर्ड अध्यक्षको कुर्सीमा भुवन केसी छन् । फिल्म क्षेत्रको नाडी छामेका उनीबाट धेरै अपेक्षा राखिएको छ । तर, बोर्डमा नियुक्त भएयताका उनका गतिविधि र क्रियाकलाप हेर्दा विवादबाहेक अरु केही उपलब्धि देखिन्न । यद्यपि, कार्यकाल अझै लामो रहेकाले आशा गर्ने ठाउँ भने जीवित छ । कांग्रेस सत्तामा रहँदा उनी एमाले छाडेर बोर्ड अध्यक्ष बन्न नेपाली कांग्रेस भित्रिएका थिए ।

संघीय निर्वाचनमा कांग्रेसले राम्रो सिट संख्या जित्दै सबैभन्दा ठूलो पार्टी बन्यो । फेरि नेपाली कांग्रेस नै सत्तामा पुग्ने र बोर्डको काम गर्न सहज हुने विश्वास भुवनलाई थियो ।

तर, रातारात राजनीतिमा उथलपुथल आयो । कांग्रेस सत्ताबाट बाहिरियो भने माओवादीले सत्ता सञ्चालनको जिम्मेवारी पायो । सम्भवत: बोर्डको तालुकवाला निकाय सूचना तथा सञ्चार मन्त्रालय माओवादीले नै पाउनेछ ।

आफू कांग्रेस कार्यकर्ता भएकाले सत्तामा कांग्रेस नै रहिरहेको भए भुवनलाई काम गर्न धेरै सहज हुने थियो । किनकि, बोर्ड स्वयत्त संस्था होइन । सास फेर्न पनि सूचना मन्त्रालयको अनुमति चाहिन्छ । दिनहुँ फाइल बोकेर मन्त्री र मन्त्रालयका सचिवको पाउ पुजुन् बोर्ड अध्यक्षको

'ड्यूटी' नै हो । त्यसैले आफूलाई नियुक्त गरेको पार्टी सत्ताबाट बाहिरिँदा भुवनलाई अबका दिन चुनौतीपूर्ण हुनेछ ।

सरकारमा भाग लिएको एमाले वा प्रधानमन्त्री पाएको माओवादीमध्ये जसले सूचना मन्त्रालय पाए पनि अध्यक्ष केसीलाई कांग्रेसको कार्यकर्ताको नजरले हेर्नेछन् । यो हुँदा बोर्डले केही काम गर्न खोज्दा मन्त्रालयले अंकुश लगाउन सक्छ र भुवनलाई कामकाजमा विभिन्न बाधा खडा गर्न सक्छ । यो स्थितिमा पूर्व बोर्ड अध्यक्ष निकिता पौडेलको जस्तै नियति भुवनको नदोहोरिएला भन्न सकिन्न ।

बोर्डले एक हप्ता अगाडि सेन्सर सिफारिस लिनुपर्ने, ११ बजेपछि फिल्म चलाउन नपाइने भन्ने निर्णय संशोधन गर्नुमा नेपाल चलचित्र संघले घोषणा गरेको आन्दोलनका कार्यक्रमको दबाबले भन्दा पनि सरकार परिवर्तनको असरलाई कतिपयले मानेका छन् । तभए भुवन आफ्नो निर्णयमा टसमस हुने व्यक्ति होइन । अब सूचना मन्त्रालयले अध्यक्ष केसीलाई कुन रुपले लिन्छ, त्यो हेर्न बाँकी छ ।

दिव्य तारा बहुउद्देश्यीय सहकारी संस्था लि.
हेटौंडा, मकवानपुर
वार्षिक साधारणसभा स्थगन सम्बन्धमा

यस संस्थाको मिति २०७९/०९/१४ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम मिति २०७९/०९/१६ मा हुन गइरहेको पूर्व निर्धारित २४ औं वार्षिक साधारण सभा बढ्दो कोभिड र विशेष प्राविधिक कारण स्थगन गरी आगामी मिति २०७९ माघ २२ गते, आइतबार बिहानको ११:०० बजे, पल्पसा सदन हेटौंडा-२ मा सम्पन्न गरिने व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं । साथै संस्थाको स्थापना दिवस सोही दिन परेको हुनाले उक्त दिन नै मनाउने जानकारीको लागि अनुरोध छ । यसबाट पर्नजाने असुविधा प्रति क्षमा याचना गर्दछौं ।

माओवादीसँग एकता गर्न प्रभुले खोले पार्टी

काठमाडौं/नेकपा एमाले छाडेर स्वतन्त्र चुनाव लडेका प्रभु साहले बुधबार आफ्नै अध्यक्षतामा आम जनता पार्टी घोषणा गरे । अनि, अग्रगामी शक्तिहरुसँग सहकार्य र एकताका लागि तीन सदस्यीय वार्ता टोली पनि बनाएका छन् ।

पार्टी घोषणाकै दिन अरु दलसँग एकताका लागि वार्ता टोली बनाएकाले आम जनता पार्टी कति दिनका लागि हो भन्ने प्रश्न उठेको छ । मधेशको नेता बन्ने महत्वाकांक्षा बोकेका साह नयाँ पार्टी बनाएर माओवादीसँग एकता गर्ने तयारीमा छन् । सशस्त्र विद्रोहबाट माओवादी शान्ति प्रक्रियामा आएपछि साह पार्टीमा मधेसको नेतृत्व गर्न चाहन्थे । केन्द्रीय सदस्य हुँदै पोलिटब्यूरो सदस्यसम्म भएका उनले प्रदेशको नेतृत्व गर्ने जिम्मेवारी पाएनन् । पछिल्लो समय तत्कालीन नेकपाको विभाजनका बेला एमालेतिर लागे । दशौं महाधिवेशनबाट स्थायी कमिटी सदस्य बनेका साहले पार्टीमा मधेशको नेतृत्व दाबी गर्दै आएका थिए ।

४ मंसिरको प्रतिनिधिसभा चुनावमा एमालेले रौतहट क्षेत्र नम्बर ३ को टिकट दिएको पनि थियो । तर उनले पार्टीले दिएको टिकट खल्तीमा हालेर स्वतन्त्र उम्मेदवारी दर्ता गरे । आफूनिकट नेताहरुलाई प्रतिनिधिसभा र प्रदेशसभामा स्वतन्त्र उम्मेदवारी दिन लगाएका उनले 'स्वतन्त्र उम्मेदवार जिताउ अभियान' चलाएका थिए ।

उनीहरुमध्ये साहलाई तत्कालीन सत्ता गठबन्धनले समर्थन गऱ्यो र उनले चुनाव पनि जिते ।

चुनावलगत्तै पार्टी गठनको तयारीमा जुटेको साह समूहले 'स्वतन्त्र उम्मेदवार जिताउ अभियान' लाई आम जनता पार्टीमा रुपान्तरण गर्ने निर्णय गरेको छ । बिहीबार बसेको बैठकले अन्तरिम विधान पास गर्नुका साथै साहको नेतृत्वमा ५१ सदस्यीय केन्द्रीय तदर्थ समिति पनि गठन गरेको छ । अनि पार्टी घोषणा गरेकै दिन अग्रगामी शक्तिहरुसँग सहकार्य र एकताका लागि भन्दै उपेन्द्र साह, रामप्रित राम र इस्लाम हावारी रहेको तीन सदस्यीय वार्ता समिति पनि बनाएको छ ।

नेताहरुका अनुसार साह माओवादीमा आउन चाहन्छन् । पार्टी प्रवेश गर्दा आफू र आफ्नो समूहका नेताहरुको उचित व्यवस्थापन नहुने देखेपछि उनले पहिले पार्टी खोल्ने र माओवादी केन्द्रसँग एकता गर्ने रणनीति लिएका हुन् । माओवादी केन्द्रका नेताहरुसँग हुने छलफलमा समेत उनले यो लुकाएका छैनन् ।

माओवादीमा असन्तुष्ट भएर पार्टी खोल्ने र एकता गर्दै फर्किने प्रयोग नयाँ भने होइन । मातृका यादव, मणि थापाहरुले यस्तै गरेका थिए । यादवले माओवादी छाडेर नेकपा (माओवादी) र मणि थापाले क्रान्तिकारी कम्युनिस्ट पार्टी बनाएका थिए । २०७३ मा एकताबाट माओवादी केन्द्रमा फर्किँदा आफ्नो मात्र होइन, आफ्नो समूहका नेताहरुको पनि व्यवस्थापन गरे । मणि र मातृका दुबै स्थायी कमिटी सदस्य भए भने अरु नेताहरुले पनि पहिलाभन्दा बढी जिम्मेवारी पाए ।

(स्रोत: अनलाइखबर)

प्रधानमन्त्री प्रचण्डले यही महिनाभित्र विश्वासको मत लिने

काठमाडौं/प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले यही महिनाभित्र विश्वासको मत लिने भएका छन् ।

प्रतिनिधि सभाको अधिवेशन २५ पुसबाट सुरु हुँदैछ । संसद अधिवेशनको पहिलो दिन पार्टीका शीर्ष नेताहरुले सम्बोधन गर्ने र शुभकामना आदानप्रदान गर्ने अभ्यास छ । त्यस लगतै विश्वासको मत लिने तयारी रहेको प्रधानमन्त्री निकटका नेताहरु बताउँछन् ।

प्रधानमन्त्रीले विश्वासको मत लिने मितिका विषयमा बिहीबार बसेको सत्ता साझेदार दलहरुको बैठकमा छलफल भएको थियो । छलफलमा स्वयम प्रचण्डले आफूले यही महिनाभित्र (पुस २९ गते) प्रधानमन्त्रीले विश्वासको मत लिने चाहना रहेको बताएका थिए । प्रचण्डको चाहनामा सत्ता साझेदार दलहरु सकारात्मक रहेको नेताहरु बताउँछन् ।

प्रचण्ड यही पुस ११ गते ४४ औं प्रधानमन्त्रीमा नियुक्त भएका हुन् । उनलाई नेकपा एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जनता समाजवादी पार्टी (जसपा) जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी (नाउपा)को समर्थन छ ।

एमाले, माओवादी, रास्वपा र जनमत पार्टी सरकारमा सहभागी भइसकेको छ । बाँकी, राप्रपा, नाउपालाई सरकारमा सहभागी गराउने प्रयास एमाले र माओवादीले गरिरहेका छन् । साथसाथै, नेकपा एकीकृत समाजवादीलाई समेत सरकारमा सहभागी गराउने प्रयास उनीहरुको छ ।

सरकारमा ८ दललाई सहभागी गराउने आधार तयार रहेर विश्वासको मत लिने र लगत्तै मन्त्रिपरिषदलाई पूर्णता दिने प्रचण्डको तयारी छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा

"तपाई, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

वेवसाइडमा: ***www.sajhakuranews.com***
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

पोल्ट्री व्यवसाय उकास्ने प्रदेश सरकारको प्रयास

श्रीजना नेपाल

हेटौंडा, १४ पुस/ बागमती प्रदेश सरकारले सप्ताहव्यापी रुपमा पोल्ट्री दिवस मनाइरहेको छ । पहिलोपटक प्रदेश सरकारले पोल्ट्री दिवस सप्ताहव्यापी रुपमा मनाइरहेको हो ।

प्रदेशको कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयले पुस ११ गतेदेखी १७ गतेसम्म सप्ताहव्यापी रुपमा पोल्ट्री दिवस मनाइरहेको हो । सरकारी स्तर बाट बारा जिल्लाको परवानीपुरमा निर्मित सेन्ट्रल ह्याचरीको २०१७ साल पुस १७ गते भएको समुद्घाटनको सन्दर्भलाई ऐतिहासिक मानै २०७० सालबाट हरेक पुस १७ गते पोल्ट्री दिवस मनाउने गरिएको छ । व्यवसायीहरुले आ-आफ्नो हिसाबले यस दिवसलाई मनाउँदै आएको भएपनि सरकारीस्तर बाट भने सम्भवनत: पहिलोपटक बागमती प्रदेश सरकारले सप्ताहव्यापी रुपमा दिवस मनाइरहेको छ । सप्ताहव्यापी कार्यक्रम अन्तर्गत पहिलो दिन सोमबार जिल्लाभित्रका पोल्ट्री व्यवसायी संघ संस्थाहरुसँग अन्तर्क्रिया गरिएको छ ।

कार्यक्रमको दोस्रो दिन मंगलबार मनहरी गाउँपालिका वडा नम्बर ३ स्थित प्रजा निमाविमा अण्डा तथा मासु उपभोगको महत्वबारे स्कुल शिक्षा कार्यक्रमसहित अण्डा खुवाइएको थियो । तेस्रो दिन बुधबार बकैया गाउँपालिका वडा नम्बर ११ मा गर्भवती महिला, कुपोषण र पुड्कोपना भएका बालबालिकाहरुलाई अण्डा वितरण गरिएको मन्त्रालयले जनाएको छ । बिहिबार सामरी र कमानेमा पोल्ट्री कृषकहरुलाई जनचेता अभिवृद्धि सम्बन्धी कार्यक्रम गरिएको छ । शनिबार बुद्धचोमा श्रमिकहरुलाई अण्डाको परिकार वितरण र आइतबार कार्यक्रमको समापन गरिने जनाइएको छ ।

देशको सबै व्यवसायहरु धराशयी बन्दै गइरहेको अवस्थामा प्रदेश सरकारले पोल्ट्री व्यवसायीहरुलाई प्रोत्साहन गर्न दिवसलाई सप्ताहव्यापी रुपमा मनाइरहेको भन्दै व्यवसायीहरु उत्साहित बनेका छन् । कृषिप्रधान देश नेपालमा पोल्ट्री व्यवसाय मेरुदण्डको रुपमा रहेको छ । मुलुकको कुल ग्राहस्थ उत्पादनमा करिव १३ प्रतिशत योगदान पशुपन्क्षीपालन क्षेत्रले पुऱ्याउँदै आएको छ । त्यसमा पनि पोल्ट्री क्षेत्रले नै नेपालको कुल गार्हस्थ उत्पादनमा ४ प्रतिशतको योगदान दिइरहेको छ ।

नेपालमा पोल्ट्री एक मात्र प्रतिस्पर्धी व्यवसायको रुपमा विकास हुँदै आत्मनिर्भर बन्न पुगेको छ । २०४६ सालबाट व्यवसायीले आधुनिक ढंगबाट यो व्यवसायलाई अघि बढाएकोमा हाल पोल्ट्री व्यवसायले कुल गार्हस्थ्य उत्पादनमा महत्वपूर्ण योगदान दिँदै आएको छ । मुलुकमा रहेका पोल्ट्री व्यवसायमध्ये ६० प्रतिशत हिस्सा बागमती प्रदेशको चितवनले मात्र ओगटेको छ । चितवनमा उत्पादन भएको कुखुरा र अन्डाको ८० प्रतिशत खपत काठमाडौंमा खपत हुने गरेको व्यवसायीहरु बताउँछन् । चितवनमा मात्रै वार्षिक रुपमा पोल्ट्री व्यवसायले ५६ हजार ७ सय ३४ मेट्रिकटन मासु र ५ लाख ४१ हजार १ सय ४२ गोटा अण्डा उत्पादन गर्ने गरेको छ ।

मासुमा ९९ र अण्डामा ६० प्रतिशतको योगदान

प्रदेशको कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयले उपलब्ध गराएको तथ्यांकअनुसार बागमती प्रदेशभित्रका विभिन्न स्थानमा सञ्चालित पोल्ट्री व्यवसायले मुलुकको कुल मासु तथा अण्डा उत्पादनमा क्रमश: २२ र ६० प्रतिशत योगदान दिदै आएको छ ।

बागमती प्रदेशमा वार्षिक रुपमा एक लाख ६३ हजार ९ सय ३९ मेट्रिकटन मासु उत्पादन हुने गरेको छ । जसमा कुखुराको मासु मात्रै एक लाख १३ हजार तीनसय ४८ मेट्रिकटन रहेको छ । बागमती प्रदेशमा वार्षिक रुपमा ८४ मेट्रिकटन हाँसको मासु पनि उत्पादन हुने गरेको छ । भक्तपुरमा ८ हजार ६ सय ७४ मेट्रिकटन, चितवनमा ५६ हजार ७ सय ३४ मेट्रिकटन, धादिङमा ७ हजार एकसय ४९ मेट्रिकटन, दोखामा एक हजार ६ सय ३७ मेट्रिकटन, काठमाडौंमा ९ हजार ३ सय ४६ मेट्रिकटन, काभ्रेमा ८ हजार ८ सय ८२ मेट्रिकटन, ललितपुरमा ४ हजार ७ सय ३६ मेट्रिकटन, मकवानपुरमा ६ हजार ७ सय ७१ मेट्रिकटन, नुवाकोटमा २ हजार ९ सय ७८ मेट्रिकटन, रामेछापमा ९ सय ९२ मेट्रिकटन, रसुवामा ३ सय ३६ मेट्रिकटन, सिन्धुलीमा ३ हजार ६ सय ९२ मेट्रिकटन र सिन्धुपाल्चोकमा १ हजार ५ सय ३० मेट्रिकटन कुखुरा र हाँसको मासु पोल्ट्री व्यवसायले उत्पादन गरिरहेको छ ।

त्यस्तैगरि बागमती प्रदेशमा वार्षिक रुपमा ८ लाख ९९ हजार ३ सय ५३ गोटा उत्पादन हुने गरेको मन्त्रालयको तथ्यांकमा उल्लेख छ । प्रदेशको कुल मासु उत्पादनमा पोल्ट्रीको योगदान ६९ प्रतिशत र राष्ट्रिय अण्डा उत्पादनमा बागमती प्रदेशको योगदान ६० प्रतिशत रहेको छ । मन्त्रालयको तथ्यांकअनुसार प्रदेशको भक्तपुरमा ७२ हजार २ सय ३१, चितवनमा ५ लाख ४१ हजार १ सय ४२, धादिङमा ४७ हजार ३ सय १५, काठमाडौंमा ७८ हजार ३ सय ३८, दोलखामा ७ हजार ७ सय ३, काभ्रेमा ६२ हजार ३ सय ६९, ललितपुरमा २८ हजार ६ सय ४०, मकवानपुरमा ३६ हजार ५ सय ४१, नुवाकोटमा ८ हजार ८ सय ८५, रामेछापमा २ हजार ७ सय ९०, रसुवामा ६ सय ६६, सिन्धुलीमा ८ हजार ९ सय ४९ र सिन्धुपाल्चोकमा ३ हजार ७ सय ८५ गोटा अण्डा उत्पादन हुने गरेको छ ।

धराशयी बन्दै व्यवसाय

देशको एउटा मेरुदण्डको रुपमा रहेको पोल्ट्री व्यवसाय पछिल्लो समय धराशयी बन्दै गएको व्यवसायीहरु बताउँछन् । भूकम्प र कोरोनाजस्ता महामारीको सामना गरेको यो व्यवसाय बर्डफ्लुजस्ता विभिन्न रोगले पनि मारमा पर्ने गरेको छ ।

दाना तथा औषधिको अभावसँगै बर्डफ्लुजस्ता रोगको महामारीको कारण कतिपय पोल्ट्री व्यवसायीहरुले वर्षेनी करोडौं घाटा व्यहोर्न गरेका छन् । विभिन्न चुनौतीलाई झेल्दै उत्पादन गरेको मासु र अण्डा बिक्रिमा पनि समस्यापर्ने गरेको व्यवसायीहरुको गुनासो छ । किसानले उत्पादन गरेको मासु तथा अन्डा वितरक मार्फत बिक्रि वितरण गर्नु पर्ने भएकाले बिचौलिया हरुले वस्तुको मुल्य निर्धारण गर्ने गरेका छन् । त्यसले किसान तथा उपभोक्ता भन्दा पनि बिक्री वितरण सहज बनाउनेहरु लाई नै फाइदा भइरहेको छ । यसलाई व्यवस्थापन गर्नु चुनौतीपूर्ण रहेको सरोकारवालहरु बताउँछन् ।

आशावादी व्यवसायी

पोल्ट्री व्यवसायी राजु अधिकारीले जिल्लामा अहिले पोल्ट्री व्यवसायीहरुको संख्या घट्दै गईरहेको गुनासो गर्छन् । मकवानपुरमा तीन वर्ष अघि ३ हजार पोल्ट्री व्यवसायी रहेकामा अहिले एक हजारको संख्यामा मात्रै पोल्ट्री व्यवसायी रहेको र यो पनि घट्दै जाने उनले बताए । व्यवसायीले उत्पादन र लगानी अनुसार बजार मुल्य नपाइर हेको भन्दै अधिकारीले पोल्ट्री व्यवसायलाई सरकारले प्राथमिकता नदिएको बताए । उनले वर्तमान समयमा देशको अर्थतन्त्र नै कमजोर अवस्थामा रहेको भन्दै अरु व्यवसायको अवस्थामा सुधार नआएसम्म पोल्ट्री व्यवसायमा सुधार नआउने बताए ।

'मासु र अण्डा भनेको मानिसको प्राथमिकता होइन । यो भनेको हुँदा खाने हो, तर अहिले सबै व्यवसाय ठप्प हुँदा पोल्ट्री व्यवसाय सबैभन्दा मारमा परेको छ', उनले भने । अधिकारीले सरकारले किसानमुखीको नारा लगाएपछि राज्यको लगानी किसानमुखी हुन नसकेको दुखेसो गरे । बैंकहरुले पनि पोल्ट्री व्यवसायमा लगानी नगर्नलि यो व्यवसाय धरापमा पर्दै गएको उनको भनाई छ । सिधै किसानले पोल्ट्री बजारमा आफ्नो उत्पादन बिक्री गर्न पाए उचित मुल्य पाउने उनले बताए ।

अधिकारीले सम्बन्धित निकायले कस्ले कुखुरा पाल्न पाउने र एक जना पोल्ट्री व्यवसायीले कति वटासम्म कुखुरा पाल्न पाउने भनि मापदण्ड बनाउनुपर्ने धारणा राखे । नत्र कुनै एक व्यक्तिले मात्र धेरै संख्यामा उत्पादन गर्ने र अरु स-साना व्यवसायी संकटमा पर्ने अधिकारीको भनाई छ । देशको सबै व्यवसाय धराशयी बनिरहेको अवस्थामा बागमती प्रदेश सरकारले पोल्ट्री व्यवसाय उकास्ने प्रयासस्वरुप सप्ताहव्यापी रुपमा पोल्ट्री दिवस मनाइरहेको भन्दै उनले धन्यवाद् दिए । उनले बेलैमा किसानको पक्षमा न्यायिक कदम चाल्न प्रदेश सरकारलाई आग्रहसमेत गरे । अधिकारीले पोल्ट्री दिवस मनाउँदै सकारात्म सुरुवात गरेको भन्दै प्रदेश सरकारले गठन गर्ने भनेको पोल्ट्री बोर्ड पनि छिटो भन्दा छिटो गठन गर्न माग गरे ।

पोल्ट्री व्यवसाय व्यवस्थित बनाउने प्रयास

बागमती प्रदेश सरकारले पोल्ट्री व्यवसायलाई व्यवस्थित बनाउँदै यसको समस्या समाधान गर्ने प्रयास गरेको छ । प्रदेश सरकारले प्रदेश पोल्ट्री विकास बोर्डको स्थापना र सञ्चालनको प्रक्रिया अघि बढाएको छ । प्रदेश सरकारले प्रदेश पोल्ट्री विकास बोर्डको स्थापना सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश बनाएर मन्त्रिपरिषद्बाट पारित गरिसकेको छ । सो अध्यादेश प्रदेश प्रमुखबाट जारि हुने चरणमा छ ।

पोल्ट्री क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, रोजगारीको अवसरहरु सृजना गर्न, गरिबी न्युनीकरण एवं खाद्य र पोषण सुरक्षामा उल्लेख्य टेवा पुऱ्याउँदै पोल्ट्री क्षेत्रको दीगो विकास हासिल गर्न पोल्ट्री विकास बोर्डको स्थापना र सञ्चालन गर्ने तयारी प्रदेश सरकारले गरेको छ । बागमती प्रदेश सरकारले कुखुरा व्यवसायीका लागि क्षतिपूर्ति कोष स्थापना गरेको छ । प्रदेशले कुनै रोगका कारण यस क्षेत्रमा पर्न सक्ने असरलाई मध्यनजर गरी ५ करोड रुपैयाँ बराबरको क्षतिपूर्ति कोष स्थापना गरी सञ्चालनमा ल्याएको हो ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. शरणकुमार पाण्डेले पोल्ट्रीको राजधानी नै यस प्रदेश रहेका कारण किसान र व्यवसायी दुवैको संरक्षण गर्ने गरी कोष सञ्चालनमा ल्याइएको बताए । 'हालको लगानी र उत्पादन अनुसार किसान र व्यवसायीले बजार मूल्य पाइरहेका छैनन् । समय समयमा फैलिने बर्डफ्लुलगायत रोगबाट पनि किसानहरू पीडित हुने गरेका छन् ।

त्यसकारण प्रदेश सरकारले किसानको हितमा राखेर कोष सञ्चालनमा ल्याएको हो,' उनले भने, 'अब हामी किसानका वर्गीकरण गरी परिचयपत्र वितरण गर्नेछौं । जसको कारणले गर्दा क्षतिपूर्ति उपलब्ध गराउन, उत्पादन र वितरणलाई मध्यनजर गरी बजार व्यवस्थापनमा टेवा पुग्नेछ ।'

सोनाम ल्होछारमा बृहत सांस्कृतिक कार्यक्रम हुने

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/सोनाम ल्होछारको अवसरमा मकवानपुर तामाङ कलाकार संघले माघ ८ गते ल्होछार विशेष वृहत सांस्कृतिक कार्यक्रम गर्ने भएको छ ।

२८५९ औं हयोयी तावार ल्हो (खरायो वर्ष) सोनाम ल्होछारको अवसरमा संघले माघ ८ गते ल्होछार विशेष वृहत सांस्कृतिक कार्यक्रम गर्ने भएको हो । बिहिबार पत्रकार सम्मेलन गर्दै संघले हेटौंडा उपमहानगरपालिका वडा नम्बर १० स्थित टिसियन चौरमा हुने कार्यक्रममा मकवानपुरे तामाङ कलाकारहरुको गायन, नृत्य साथै अभिनयको प्रस्तुतिहरु रहने जानकारी दिएको छ ।

मकवानपुर तामाङ कलाकार संघका अध्यक्ष धिरेन्द्र लामाले तामाङ संस्कृतिको बारेमा जानकारी दिने उद्देश्यले सांस्कृतिक कार्यक्रम गर्न लागेको बताए । कार्यक्रममा तामाङ झांकी प्रदर्शन, तामाङ भेष-भुषा र खानाका स्टलहरु रहने अध्यक्ष लामाको भनाई छ ।

यस्तै कार्यक्रममा तामाङ जातीको मौलिक संस्कार, संस्कृति, भेष-भुषा र भाषाको संरक्षण तथा प्रवर्द्धन गर्नुका साथै मकवानपुरे तामाङ कलाकारहरुको कलालाई प्रोत्साहन गर्नपनि कार्यक्रमको आयोजना गर्न लागिएको संघका महासचिव रविन्द्र थिङले जानकारी दिए ।

ल्होछार विषयक जागरण ल्याउने उद्देश्यले गर्न लागिएको कार्यक्रमबाट संस्थाको आफनै भवन निर्माण सहयोगार्थ चिठ्ठा कार्यक्रम समेत रहेको महासचिव थिङले बताए । माघ ८ गते विहान ११ बजेदेखि अपरान्ह ५ बजेसम्म हुने कार्यक्रममा प्रवेश शुल्क नलाग्ने पनि महासचिव थिङले जानकारी दिए ।

आश्रमलाई कम्बल सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/ हेटौंडामा मुख्य कार्यालय रही घरवार बिहीन नागरिकहरुलाई आश्रय दिइरहेको मानव सेवा आश्रममा कम्बल सहयोग भएको छ ।

आश्रममा आश्रितहरुलाई जाडो मौसममा न्यानो होस् भन्ने उद्देश्यले रुँगटा बेलफेयर सोसाइटी बिरगञ्जले मानव सेवा आश्रम हेटौंडालाई कम्बल सहयोग गरेको हो । पोषक ब्रिडर फार्म प्रालि हेटौंडा र ओसीबी पैलेट फिड हेटौंडाको सहयोगमा आश्रमलाई २ सय ५० वटा कम्बल सहयोग गरिएको हो । सोसाइटी तथा कम्पनी अध्यक्ष मुरलीधर रुँगटाले आश्रमका सहयोगीहरुलाई ऊक्त सामग्री हस्तान्तरण गरेका थिए ।

आश्रमले लामो समयदेखि सडक मानव मुक्त देश बनाउनका लागि काम गरिरहेको छ । आश्रममा सडकपेटीमा भेटिएकाहरु आश्रित छन् । कम्बल हस्तान्तरण कार्यक्रममा रुँगटा वेलफेयर सोसाइटीका पदाधिकारी एवम् सदस्य, मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डे, मकवानपुरका प्रहरी प्रमुख उपरीक्षक बामदेव गौतम र उद्योग वाणिज्य संघ मकवानपुर उपाध्यक्ष राजु अधिकारीलगायत सहभागी थिए ।

कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।



होम डेलिभरिको पनि व्यवस्था छ ।

प्रो. अमिता चौधरी

मेरिना ड्राई क्लिनिङ्ग स्पोट

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

बागमतीका सांसदहरुले लिए शपथ

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/ बागमती प्रदेशसभाका नवनिर्वाचित सांसदहरुले पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन् ।

बिहिबार प्रदेशसभाका नवनिर्वाचित सांसदहरुलाई प्रदेशसभाका ज्येष्ठ सदस्य रामप्रसाद ढुंगानाले पद तथा गोपनीयताको शपथ गराएका हुन् । प्रदेशसभामा ६६ प्रत्यक्ष र ४४ समानुपातिक सांसद गरी ११० जना रहेका छन् ।

प्रदेशसभा भवनमा १३ जना सांसदले मातृभाषामा र बाँकीले राष्ट्रिय भाषामा शपथ लिएका थिए । प्रदेशसभामा ७ दलको प्रतिनिधित्व रहेको छ । सदनमा ३७ सिट रहेको कांग्रेस प्रदेशसभाको सबैभन्दा ठूलो दल हो । नेकपा एमालेका २७, माओवादी केन्द्रका २१, राप्रपाका १३, नेकपा (एस)का ७, नेमकिपाका ३, हाम्रो नेपाली पार्टीका २ जना प्रदेशसभा सदस्य छन् ।

शपथसँगै अब सभामुख चयन प्रक्रिया अगाडि बढ्नेछ । प्रदेशसभा सचिवालयका सचिव कृष्णहरि खड्काले सभामुखको निर्वाचनपश्चात उपसभामुख छनोट प्रक्रिया अगाडि बढ्ने बताए । प्रदेशसभाको अधिवेशन पहिलो बैठक बसेको १५ दिनभित्र सभामुख र उपसभामुखको निर्वाचन सम्पन्न गरी सक्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।

इन्द्रसरोबरको नयाँ भवन शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/ जिल्लाको उत्तरी क्षेत्रस्थित इन्द्रसरोबर गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि काम सुरु भएको छ ।

राज्य पुर्न:संरचनापछि गाउँपालिका स्थापना भएको करिब ७ वर्षपछि भवन निर्माणका लागि शिलान्यास भएको छ । गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीको सभाध्यक्षता तथा प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौलाको प्रमुख आतिथ्यमा भवनको शिलान्यास गरिएको छ । ५ तले भवन करिब १० करोड रुपैयाँ लागतमा निर्माण हुन लागेको इन्द्रसरोवर गाउँपालिकाको सूचना अधिकारी दिपक चापागाईले जानकारी दिए । भवन २०८० साल असोज मसान्तसम्म निर्माण गरिसक्ने गरी निर्माण कम्पनीसँग सम्झौता भएको उनले बताए ।

कार्यक्रममा सम्बोधन गर्दै प्रतिनिधिसभा सदस्य बर्तौलाले प्रशासनिक भवन निर्माण लगत्तै गाउँपालिकाको विकासमा लाग्ने प्रतिबद्धता जनाए । उनले गाउँपालिकाको सेवा प्रवाहमा राजनीतिक पूर्वाग्रहमा नराख्न अनुरोध गरेका छन् । भवन शिलान्यास कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष उमा लामा, प्रमुख प्रशासकीय अधिकृत प्रल्हाद कार्की, वडा अध्यक्ष, सदस्यहरुको पनि उपस्थिति थियो ।

रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.:
९८४५२९०३९१, ९८५५०८५३९१

वैदेशिक रोजगारमा जाँदा सचेत रहौं

- आधिकारिक कागजातका आधारमा मात्र वैदेशिक रोजगारमा जाऔं ।
- आधिकारिक कागजात नहँदा वैदेशिक रोजगारीमा जाने कामदारहरुले:
  - करारबमोजिम काम र सुविधा नपाउने,
  - विदेशी भूमिमा पीडित बन्नुपर्ने,
  - स्वदेश फर्कन कठिनाई हुने,
  - कतिपय अवस्थामा जेल सजायसमेत भोग्नुपर्ने,
  - ज्यानसमेत गुमाउनु पर्ने लगायतका अवस्था आउन सक्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

अब प्रत्येक दिन हेटौंडा सिटी हस्पिटलमा

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

साथै हरेक दिन HD Quality को इण्डोस्कोपि सेवा प्रदान गरिन्छ ।

थप जानकारीको लागि

हेटौंडा सिटी हस्पिटल प्रा.लि.

फोन न.:०५७-५२०३१५

थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा विशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

कार्यरत विशेषज्ञ डाक्टरहरु :

- हाड्जोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेराप्सिट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाटर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

हेटौंडा मोडेल अस्पताल

हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२९६४८ फोन नं.: ०५७-५२२७५६

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन ज्योपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११९५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना